# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) धनगढी, नेपाल, माघ १८ गते, २०८० साल (संख्या ११

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानुन मन्त्रालय

<u>सुदूरपश्चिम प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८०</u>



सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले यो मापदण्ड बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस मापदण्डको नाम "सुदूरपश्चिम प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८०" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "आयोग" भन्नाले प्रदेश नीति तथा योजना आयोग सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले प्रदेश सरकार अन्तर्गतका सम्बन्धित मन्त्रालयको स्वीकृत वार्षिक विकास कार्यक्रममा समावेश भएका दफा ४ बमोजिमका आयोजनामध्ये बहुवर्षीय ठेक्का व्यवस्थापन गर्नुपर्ने भनी पहिचान भएका, प्रदेश गौरवका आयोजना वा प्रदेश सरकारको उच्च प्राथमिकतामा परेका र तयारी पूरा भएका आयोजना वा त्यस्ता आयोजनाको कुनै खण्ड वा उपखण्ड सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारसँगको सहलगानीको आयोजनालाई समेत जनाउँछ।

(ग) "ठेक्का सहमति" भन्नाले बहुवर्षीय ठेक्काका लागि आयोजना कार्यान्वयन

प्रक्रिया अघि बढाउन आयोगबाट उपलब्ध गराइएको सहमति वा स्वीकृति सम्झनु पर्छ।

(घ) "प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली (प्रोभिन्सियल प्रोजेक्ट बैङ्क मेनेजमेन्ट इन्फरमेशन सिस्टम)" भन्नाले प्रदेश आयोजना बैङ्क व्यवस्थापनका लागि आयोगले प्रयोगमा ल्याएको सूचना प्रणाली सम्झनु पर्छ।

(ङ) "प्रदेश गौरवका आयोजना" भन्नाले प्रदेश सरकारले प्रदेश गौरवका आयोजनाको रूपमा तोकेका आयोजना सम्झनु पर्छ।

(च) "बहुवर्षीय ठेक्का" भन्नाले प्रदेश गौरवका आयोजनाको हकमा आयोजनामा तोकिएको अवधिभर र अन्यको हकमा दुई आर्थिक वर्षभन्दा बढी पाँच आर्थिक वर्षसम्मको अवधि रहने ठेक्का सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले आर्थिक मामिला मन्त्रालय सम्झनु पर्छ।

(ज) "स्रोत सहमति" भन्नाले बहुवर्षीय ठेक्काका लागि दफा ६ को उपदफा (१) बमोजिम आर्थिक मामिला मन्त्रालयले उपलब्ध गराएको सहमति सम्झनु पर्छ।





(झ) "सम्बन्धित मन्त्रालय" भन्नाले बहुवर्षीय आयोजनाको व्यवस्थापन गर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।

३. <u>आयोजना प्रस्ताव पेस गर्नेः</u> (१) आयोजनाको बहुवर्षीय ठेक्का सहमति वा स्वीकृतिका लागि सम्बन्धित मन्त्रालयले देहायका विवरण संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा असोज मसान्तभित्र आयोगमा आयोजना प्रस्ताव पेस गर्नु पर्नेछ।

तर आर्थिक वर्ष २०८०/८१ को हकमा चैत्र मसान्तसम्म प्रस्ताव पेस गर्न बाधा पर्ने छैन्।

(क) अनुसूची-१ बमोजिमको आयोजना प्रस्ताव सम्बन्धी विवरण,

(ख) सुदूरपश्चिम प्रदेश सरकारको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा उल्लिखित मध्यमकालीन खर्च संरचना अनुसार पहिलो तीन आर्थिक वर्षको चालु, पुँजीगत र वित्तीय व्यवस्थाको बजेट, स्रोत र प्रमुख क्रियाकलाप सहितको विवरण,

(ग) अनुसूची-२ बमोजिमको आयोजनाको लागि बहुवर्षीय ठेक्का स्वीकृति सम्बन्धमा आवश्यक आधार पूरा गरेको चेक लिष्ट,

(घ) आयोजनाको लागत व्यहोर्ने स्रोत स्पष्ट खुलेको विवरण,

(ङ) प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गरेको तथा प्रदेश आयोजना बैङ्कमा समावेश भएको पुष्टि हुने कागजात,

(च) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि भएको विवरण।

(२) उपदफा (१) बमोजिम स्वीकृतिका लागि आयोजना प्रस्ताव प्राप्त भएपछि आयोगले मूल्याङ्कन गरी बहुवर्षीय ठेक्का सहमति वा स्वीकृति प्रदान गर्न उपयुक्त देखेमा स्रोत सहमतिका लागि मन्त्रालयमा पठाउनु पर्नेछ।

तर प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली (प्रोभिन्सियल प्रोजेक्ट बैङ्क मेनेजमेन्ट इन्फरमेशन सिस्टम) पूर्ण रूपमा प्रयोगमा नआएसम्म बहुवर्षीय ठेक्का सहमति वा स्वीकृति प्रदान गर्न बाधा पर्ने छैन।

(३) उपदफा (२) बमोजिम प्राप्त आयोजनाका लागि मन्त्रालयले स्रोत उपलब्धताका आधारमा पन्ध्र दिनभित्र स्रोत सहमति सम्बन्धमा निर्णय गरी सोको जानकारी आयोगलाई दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम मन्त्रालयको सहमति प्राप्त भएको मितिले सात दिनभित्र यस मापदण्डको सर्तको अधीनमा रही आयोगले त्यस्तो बहुवर्षीय ठेक्का कार्यान्वयनको लागि सहमति वा स्वीकृति दिन सक्नेछ।

४. <u>बहुवर्षीय ठेक्का सम्बन्धी क्षेत्रः</u> (१) देहायका क्षेत्रमा कार्यान्वयन हुने प्रदेश आयोजना बैङ्कमा समावेश भएका सरकारी भवन निर्माण तथा सेवा खरिद कार्यको हकमा कुल लागत अनुमान दश करोड रुपैयाँभन्दा बढी र अन्यको



खण्ड ७) संख्या ११, प्रदेश राजपत्र भाग २ मिति २०८०।१०।१८

हकमा कुल लागत अनुमान बिस करोड रुपैयाँभन्दा बढीको आयोजनालाई आयोगले बहुवर्षीय ठेक्का कार्यान्वयन गर्न सहमति वा स्वीकृति दिन सक्नेछः-

(क) सडक, रेल, जल यातायात, रज्जुमार्ग, सुरुङ्ग मार्ग, सडक पुल तथा अन्य यातायात पूर्वाधार,

(ख) सिँचाई, ऊर्जा तथा जलस्रोत,

(ग) सूचना प्रविधि तथा सञ्चार,

(घ) भवन, आवास तथा सहरी विकास,

(ङ) कृषि, औद्योगिक तथा व्यापारजन्य पूर्वाधार,

(च) खानेपानी र सरसफाइ,

(छ) भू तथा जलाधार व्यवस्थापन र नदी नियन्त्रण,

(ज) खेलकुद पूर्वाधार,

(झ) शिक्षा, स्वास्थ्य, विज्ञान तथा प्रविधि पूर्वाधार,

(ञ) साँस्कृतिक, धार्मिक, पुरातात्विक तथा पर्यटन पूर्वाधार संरक्षण र पर्यटन पूर्वाधार निर्माण,

(ट) फोहोरजन्य पदार्थ प्रशोधन तथा व्यवस्थापनको क्षेत्र,

(ठ) विपद् व्यवस्थापन, प्रतिकार्य तथा पुनर्स्थापना र

(ड) यस्तै प्रकृतिका अन्य आयोजनाहरू ।

(२) उपदफा (१) मा उल्लिखित सीमाभन्दा कम लागतका आयोजना सम्बन्धित निकायले सालबसाली रूपमा व्यवस्थापन गर्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित मन्त्रालयले उपदफा (१) मा उल्लिखित सीमाभन्दा कम लागत भएका आयोजनालाई बहुवर्षीय ठेक्काको रूपमा अघि बढाउन आवश्यक ठानेमा सोको पुष्ट्याँई सहित अनुसूची-३ र अनुसूची-४ बमोजिमको फाराम भरी स्रोत सहमतिको लागि मन्त्रालयमा लेखी पठाउन सक्नेछ।

(४) सम्बन्धित मन्त्रालयबाट दफा ५ को उपदफा (२) मा उल्लिखित आधारहरू पूरा गरी स्रोत सहमतिका लागि उपदफा (३) बमोजिम लेखी आएमा मन्त्रालयले दफा ६ को उपदफा (१) को अधीनमा रही आवश्यकता, औचित्य र सम्भावित स्रोत उपलब्धता समेतको आधारमा स्रोत सहमति उपलब्ध गराउन सक्नेछ।

५. <u>बहुवर्षीय ठेक्का आयोजना स्वीकृतिका आधार:</u> (१) सम्बन्धित मन्त्रालयबाट दफा ३ बमोजिम सहमति वा स्वीकृतिको लागि पेस भएका आयोजनाका सम्बन्धमा आयोगले देहायका आधारमा बहुवर्षीय ठेक्काका लागि सहमति वा स्वीकृति दिन सक्नेछः-

(क) प्रदेश प्राथमिकता प्राप्त आयोजनाका रूपमा रहेको तथा प्राथमिकता निर्धारण सम्बन्धमा सुदूरपश्चिम प्रदेश सरकारको योजना तर्जुमा दिग्दर्शन, २०७८ को अनुसूची- ५ मा व्यवस्था भए अनुसार





आयोजना वा कार्यक्रमको प्राथमिकताको क्षेत्रमा उल्लेख भएको,

(ख) सम्बन्धित मन्त्रालय वा कार्यान्वयन गर्ने निकायबाट विस्तृत आयोजनाको प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ डिजाइन स्वीकृत भई प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गरिएको,

(ग) डिजाइन र निर्माण ठेक्का सम्झौता (डिजाइन एण्ड बिल्ट मोड अफ कन्ट्रयाक्ट), ई.पि.सि. (इन्जिनियरिङ प्रोक्युरमेन्ट कन्ट्रयाक्ट) बाहेक अन्य ठेक्काको हकमा आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (ईन्भारोमेन्ट ईम्प्याक्ट एसेसमेन्ट) वा प्रारम्भिक वातावरणीय परीक्षण (ईनिसियल ईन्भारोमेन्ट एक्जामिनेशन) वा संक्षिप्त वातावरणीय अध्ययन तथा विशेष प्रकारको आयोजनाको हकमा एस.ई.ए.(स्ट्र्याटेजिक इन्भारमेन्टल ऐसेसमेन्ट) सम्पन्न भएको,

(घ) भवन निर्माणको हकमा लैङ्गिक तथा अपाङ्गमैत्री र विपद्मैत्री संरचना सम्बन्धी व्यवस्था विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ डिजाइनमा समावेश भएको,

(ङ) आयोजनाको लागि अधिग्रहण गर्नुपर्ने वा प्राप्ति गर्नुपर्ने जग्गा अधिग्रहण वा प्राप्तिको कानुनी प्रक्रिया टुङ्गिएको एवम् कानुन बमोजिम दिनुपर्ने क्षतिपूर्तिको काम सम्पन्न भइसकेको,

(च) मध्यमकालीन खर्च संरचनामा उल्लेख भए अनुरूप स्रोत सुनिश्चितता भएको,

(छ) खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना, अनुगमन तथा मूल्याङ्कन योजना र वार्षिक खरिद योजना तयार भएको,

(ज) प्रदेश सरकार र स्थानीय तहबीच लागत साझेदारीमा वा सह-लगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ-लागत अनुपात सुनिश्चित भएको तथा स्रोत सहमति भएको,

(झ) वैदेशिक सहायता संलग्न भएको आयोजनाका हकमा दातृ निकायसँग सम्झौता भई स्रोत सुनिश्चितता भएको,

(ञ) सुदूरपश्चिम प्रदेश सरकारको योजना तर्जुमा दिग्दर्शन, २०७८ बमोजिम आयोजनाको प्राथमिकीकरणमा पहिलो प्राथमिकतामा परेको,

(ट) बहुवर्षीय ठेक्काका लागि प्रस्तावित आयोजनाको निर्माण सम्पन्न हुने अवधि चार वर्षसम्म भएमा लागत अनुमानको



खण्ड ७) संख्या ११, प्रदेश राजपत्र भाग २ मिति २०८०।१०।१८

कम्तीमा बीस प्रतिशत र पाँच वर्षसम्म भएमा लागत अनुमानको कम्तीमा पन्ध्र प्रतिशत बजेट चालु आर्थिक वर्षमा विनियोजन भएको ।

तर मन्त्रालयको सहमतिमा प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयबाट सञ्चालन हुने प्रदेश गौरवका आयोजनाको हकमा बहुवर्षीय ठेक्काको सहमति वा स्वीकृति दिँदा यो सीमा लागू हुने छैन।

(२) सम्बन्धित मन्त्रालयबाट दफा ४ को उपदफा (३) बमोजिम देहायका आधारहरू पूरा गरी सिफारिस सहित मन्त्रालयमा पेश भएका आयोजनाको सम्बन्धमा मन्त्रालयले आवश्यकता, औचित्य र सम्भावित स्रोत उपलब्धता समेतको आधारमा बहुवर्षीय ठेक्काको स्रोत सहमति उपलब्ध गराउन सक्नेछः-

(क) सम्बन्धित मन्त्रालयबाट विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इञ्जिनियरिङ्ग डिजाइन स्वीकृत भएको,

(ख) आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय प्रतिवेदन सम्पन्न भएको,

(ग) आयोजनाको लागि अधिग्रहण गर्नुपर्ने वा प्राप्ति गर्नुपर्ने जग्गा अधिग्रहण वा प्राप्तिको प्रक्रिया टुङ्गिएको,

(घ) मध्यमकालीन खर्च संरचनामा उल्लेख भएको,

(ङ) खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना र वार्षिक खरिद योजना तयार भएको,

(च) आयोजना कार्यान्वयन स्थलको साइट क्लियरेन्स भएको,

(छ) प्रदेश सरकारसँगको सहलगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ-लागत अनुपात उपयुक्त भएको र सहलगानीको प्रतिबद्धता प्राप्त भएको।

(३) आयोजनाको अवधि दुई वर्ष वा सोभन्दा कम, लागत अनुमान बीस करोड रुपैयाँभन्दा कम र सरकारी भवन निर्माण तथा सेवा खरिद कार्यको हकमा लागत अनुमान दश करोड रुपैयाँभन्दा कम भएका आयोजनाको हकमा विनियोजित रकमभन्दा बढी अङ्कको ठेक्का प्रक्रिया अगाडि बढाउन स्रोतको सहमति माग गर्दा बहुवर्षीय ठेक्का आयोजना स्वीकृति प्रक्रिया पूरा गर्नुपर्ने छैन।

तर चालु आर्थिक वर्षमा उक्त आयोजनाको लागि कुल लागतको कम्तीमा एक तिहाइ बजेट विनियोजन भएको हुनु पर्नेछ।

६. <u>बहुवर्षीय ठेक्काको स्रोत सहमति सम्बन्धी व्यवस्थाः</u> (१) आयोगबाट प्रस्ताव भई आएका प्रदेश गौरवका आयोजना बाहेक अन्य आयोजना वा दफा ४ को उपदफा (३) बमोजिम सम्बन्धित मन्त्रालयबाट मन्त्रालयमा स्रोत सहमति माग भई आएका आयोजनाको हकमा आवश्यकता, औचित्य र प्रदेश सरकारको वित्तीय अवस्था एवम् सम्भाव्य स्रोत उपलब्धता समेतका आधारमा चालु आर्थिक वर्षको सुरु





विनियोजन रकमको बढीमा चार गुणासम्म स्रोत सहमति प्रदान गर्न सकिनेछ ।

तर खण्ड खण्डमा निर्माण गर्न नसकिने वा स्रोत सुनिश्चितताको अभावमा आयोजना अधुरो रहन गई प्रदेश सरकारलाई हानी नोक्सानी हुन सक्ने प्रकृतिका देहायका आयोजनाको हकमा यस दफामा उल्लिखित सीमा लागू हुने छैनः-

(क) मोटरेवल पुल, झोलुङ्गे पुल निर्माण

(ख) भवन निर्माण

(ग) खानेपानी संरचना निर्माण

(घ) ढल व्यवस्थापन

(ङ) सुरुङ निर्माण

(च) फ्लाइ ओभर, अण्डरपास र ओभरपास

(छ) नदी तथा पहिरो नियन्त्रण संरचना निर्माण ।

(२) यस मापदण्डको अधीनमा रही प्रदान गरिएको बहुवर्षीय ठेक्का स्वीकृतिको अवधि प्रदेश गौरवका आयोजना बाहेकका आयोजनाको हकमा बढीमा पाँच वर्षको रहनेछ।

(३) बहुवर्षीय ठेक्काको स्रोत सहमति असोज मसान्तभित्र लिई सक्नु पर्नेछ।

तर आर्थिक वर्ष २०८०/८१ को हकमा यस्तो सहमति फागुन मसान्तभित्र लिन बाधा पर्ने छैन।

(४) बहुवर्षीय ठेक्काको स्रोत सहमतिबाट कुनै आर्थिक वर्षका लागि सिर्जना हुने दायित्व बराबरको रकम

सोही आर्थिक वर्षमा सम्बन्धित मन्त्रालयलाई प्राप्त बजेट सीमा भित्रबाट अनिवार्य विनियोजन गर्नु पर्नेछ।

(५) सहलगानीको आयोजनाका सम्बन्धमा प्रदेश सरकारले व्यहोर्ने अंशको लागि मात्र ठेक्का स्वीकृति प्रदान गरिनेछ।

(६) बहुवर्षीय ठेक्काको स्रोत सहमति प्राप्त भएको आयोजनाको खरिद प्रक्रिया कार्तिक महिनाभित्र सुरु गरिसक्नु पर्नेछ।

तर, आर्थिक वर्ष २०८०/८१ को हकमा चैत्र मसान्तसम्म खरिद प्रक्रिया सुरु गर्न बाधा पर्ने छैन।

(७) बहुवर्षीय ठेक्काको स्रोत सहमति प्राप्त भएको आयोजना आर्थिक वर्षको नौ महिनाभित्र ठेक्का सम्झौता नभएमा त्यस्तो स्रोत सहमति स्वतः रद्ध हुनेछ।

तर आर्थिक वर्ष २०८०/८१ को हकमा यो समय सीमा लागू हुने छैन।

७. कार्यान्वयन गर्ने निकाय र जिम्मेवारीः (१) आयोगबाट बहुवर्षीय ठेक्का स्वीकृति प्राप्त भई मन्त्रालयले स्रोत सहमति प्रदान गरेका आयोजनालाई मात्र सम्बन्धित मन्त्रालय वा मातहतका निकायले बहुवर्षीय ठेक्का कार्यान्वयन गर्नु पर्नेछ।

(२) बहुवर्षीय आयोजनाको सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित मन्त्रालय वा मातहत निकायको हुनेछ।

(३) बहुवर्षीय ठेक्का सहमति दिइएका आयोजनाको लागि पछिल्ला वर्षहरूमा सिर्जना हुने दायित्व बजेट तर्जुमाका क्रममा प्राप्त बजेट सीमाभित्र रही अनिवार्य रूपमा विनियोजन प्रस्ताव गर्नु पर्नेछ।





(४) सम्बन्धित मन्त्रालयले प्रत्येक वर्षको चैत्र मसान्तभित्र अनुसूची-५ को ढाँचामा बहुवर्षीय ठेक्काको अद्यावधिक विवरण र अनुसूची-६ को ढाँचामा मध्यमकालीन खर्च संरचना तयार गरी मन्त्रालय र आयोगमा पेस गर्नु पर्नेछ।

(५) सम्बन्धित मन्त्रालयले प्रत्येक वर्ष बहुवर्षीय ठेक्का स्वीकृतिको अद्यावधिक विवरण प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली र प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ।

(६) आयोगले बहुवर्षीय ठेक्का स्वीकृति दिएका आयोजनाको अभिलेख अद्यावधिक गर्नु पर्नेछ।

(७) बहुवर्षीय ठेक्काको सहमति वा स्वीकृति भएका आयोजनाको अनुगमन तथा मूल्याङ्कन सम्बन्धित मन्त्रालय, मन्त्रालय र आयोगले गर्नेछ।

८. बाधा अड्काउ फुकाउनेः यस मापदण्डको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ आइपरेमा मन्त्रालयले आवश्यकता अनुसार बाधा अड्काउ फुकाउन सक्नेछ।

९. अनुसूचीमा हेरफेर गर्न सक्नेः यस मापदण्डको अनुसूचीमा कुनै संशोधन वा थपघट गर्नुपर्ने भएमा आयोगको समन्वयमा मन्त्रालयले आवश्यक संशोधन वा थपघट गर्न सक्नेछ।

१०. खारेजी र बचाउः (१) बहुवर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी निर्देशिका, २०७५ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज भएको निर्देशिका बमोजिम भए गरेका काम कारवाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

अनुसूची -१

(दफा ३ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

<u>बहुवर्षीय ठेक्का बन्दोबस्तका लागि प्रस्तावित आयोजनाको विवरण</u>

सुदूरपश्चिम प्रदेश सरकार

.............मन्त्रालय

आयोजना प्रस्ताव फाराम

खण्ड (क): आयोजनको आधारभूत विवरण

१. आयोजनाको नामः

२. आयोजनाको लक्ष्यः

३. आयोजनाको उद्देश्य :

४. आयोजनाको प्रतिफल :

५. आयोजनाको किसिमः

सेवा प्रधान ☐ अनुसन्धान प्रधान ☐ उत्पादन प्रधान ☐

निर्माण प्रधान ☐ सुशासन ☐

६. आयोजनाबाट लाभान्वित हुने जनसङ्ख्याः

७. आयोजना कार्यान्वयन हुने क्षेत्र र छनोट गर्दा अपनाइएका आधारहरू :

(क) कार्यान्वयन क्षेत्रः

जिल्ला

प्रादेशिक निर्वाचन क्षेत्र

न.पा./गा.पा.

(ख) छनौटका आधारहरूः

८. आयोजनाको कुल लागतः

९. आयोजनाको अवधि (प्रस्तावित जम्मा वर्ष) :

(क) सुरु हुने मितिः





(ख) सम्पन्न हुने मितिः

१०. आयोजना कार्यान्वयन गर्ने निकायः

खण्ड (ख): आयोजनाको वित्तीय/आर्थिक विवरणः

११. आयोजनाको कुल लागत र स्रोतको विवरण (रु.हजारमा)

| स्रोतको विवरण | भुक्तानी प्रकार | आन्तरिक स्रोत | | वैदेशिक स्रोत | | |
|---|---|---|---|---|---|---|
| | | सुदूरपश्चिम प्रदेश सरकार | स्थानीय सरकार | अनुदान | ऋण | प्राविधिक सहायता |
| प्रदेश सरकार | | | | | | |
| दातृ निकाय | | | | | | |
| आन्तरिक/बाह्य | | | | | | |
| प्राविधिक सहायता | | | | | | |
| स्रोतगत जम्मा | | | | | | |
| कुल लागत | | | | | | |

१२. आयोजनाको कुल रकमको अनुमानित वार्षिक बाँडफाँट (रु. हजारमा)

| आर्थिक वर्ष | बाँडफाँट | कार्य परिमाण |
|---|---|---|
| | | |
| | | |

१३. परामर्शदाता सम्बन्धी विवरणः

(क) आयोजनामा रहने कुल परामर्शदाताको सङ्ख्याः

स्वदेशीः

विदेशीः

(ख) आयोजनामा रहने कुल परामर्शदाताको वार्षिक बाँडफाँट रकम (रु. हजारमा):

| आर्थिक वर्ष | अनुमानित खर्च | |
|---|---|---|
| | स्वदेशी | विदेशी |
| | | |
| | | |
| जम्मा | | |

१४. आयोजनाको ठेक्का संख्या र रकमः

| आयोजना अवधि | |
|---|---|
| संख्या | रकम |
| | |

१५. आयोजनाको सम्भाव्यता अध्ययनः

(क) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको छ, छैन, नभएको भए हुनु नपर्ने कारणः

(ख) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको वर्षः

(ग) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययनको निष्कर्षः

१६. आयोजनाको आर्थिक तथा वित्तीय विश्लेषणः

(क) लागत फिर्ता अवधि (Pay-back Period)

(ख) लाभ-लागत अनुपात (Cost Benefit Ratio)

(ग) वित्तीय आन्तरिक प्रतिफल दर (Financial Internal Rate of Return –FIRR)

(घ) आर्थिक प्रतिफल दर (Economic Internal Rate of Return – EIRR)

(ङ) खुद वर्तमान मूल्य (Net Present Value – NPV)

(च) लागत प्रभावकारिता अध्ययन (Cost Effectiveness Analysis)

(छ) सम्भाव्यता अध्ययन गर्ने निकायः





१७. वातावरणीय अध्ययनको संक्षिप्त विवरण (नभएको भए कारण उल्लेख गर्ने)

खण्ड (ग): प्रशासनिक तथा व्यवस्थापकीय विवरणः

१८. आयोजनाको लागि जग्गा प्राप्तिको अवस्था

(क) आवश्यक जग्गाः

(ख) जग्गा प्राप्त भएको/नभएकोः

(ग) जग्गाको प्रकारः

(घ) प्राप्त भएको जग्गाको स्थान, क्षेत्रफल र कित्ता नं.:

(ङ) जग्गा प्राप्तिको माध्यमः

१९. आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने संस्थागत व्यवस्थाः

(क) अनुगमन तथा मूल्याङ्कनका लागि छुट्याइएको रकमः

(ख) प्रदेश सरकारबाट गरिने अनुगमन तथा मूल्याङ्कनको विवरणः

(ग) आयोजनाको प्रतिफल र प्रभाव हेर्ने सूचक विवरणः

२०. मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework–MTEF) अनुरूप आयोजनाको प्राथमिकताक्रमः

पहिलो प्राथमिकता ☐

दोस्रो प्राथमिकता ☐

२१. आयोजनको दिगोपना र सम्पन्न भएपछि सञ्चालन (Phase-out Plan) सम्बन्धी व्यवस्थाः

.................

प्रमाणित गर्ने

प्रदेश सचिव

....... मन्त्रालय

अनुसूची-२

(दफा ३ को उपदफा (१) को खण्ड (ग)  सँग सम्बन्धित)

## आयोजनाको लागि बहुवर्षीय ठेक्का पूर्व स्वीकृति सम्बन्धमा आवश्यक आधार पूरा गरेको चेकलिष्ट

| क्र.सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १. | प्रदेशसरकार, मन्त्रिपरिषद्ले बहुवर्षीय आयोजनाको रूपमा स्वीकृत गरेका आयोजना। | | | |
| २. | प्रदेश प्राथमिकता प्राप्त आयोजनाका रूपमा रहेको प्राथमिकता निर्धारण सम्बन्धमा सुदूरपश्चिम प्रदेश सरकारको योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार आयोजना तथा कार्यक्रमको प्राथमिकताक्रम गणना गर्ने तालिका भएको। | | | |
| ३. | प्रदेश आयोजना बैङ्कमा समावेश भएका कुल लागत अनुमान बीस करोड रुपैयाँभन्दा बढी र सरकारी भवन निर्माण तथा सेवा खरिद कार्यको हकमा दश करोड रुपैयाँभन्दा बढीका आयोजना। | | | |
| ४. | बहुवर्षीय ठेक्कामा जाने आयोजनाको ठेक्काको समय सीमा कम्तीमा दुई वर्षसम्म भएको। | | | |





| क्र.सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| ५. | सम्बन्धित मन्त्रालय वा कार्यान्वयन गर्ने निकायबाट विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इञ्जिनियरिङ्ग डिजाइन स्वीकृत भई प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली (PPBMIS) मा सम्पूर्ण विवरणहरू प्रविष्ट गरी स्वीकृत भएको। | | | |
| ६. | आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन र संक्षिप्त वातावरणीय प्रतिवेदनको कार्य सम्पन्न भएको। | | | |
| ७. | आयोजनाको लागि अधिग्रहण गर्नुपर्ने सार्वजनिक तथा निजी जग्गा प्राप्तिको कानुनी प्रक्रिया टुङ्गिएको। | | | |
| ८. | मध्यमकालीन खर्च संरचनामा उल्लेख भएको । | | | |
| ९. | वैदेशिक सहायता संलग्न भएको आयोजनाका हकमा दातृ निकायसँग सम्झौता भई स्रोत सुनिश्चितता भएको। | | | |
| १०. | खरिद गुरुयोजना, कार्यान्वयन | | | |

| क्र.सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| | कार्ययोजना, अनुगमन तथा मूल्याङ्कन योजना, वार्षिक खरिद योजना तयार भएको। | | | |
| ११. | सङ्घ, प्रदेश र स्थानीय तह र निजी क्षेत्रको साझेदारीमा तथा सहलगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ-लागत अनुपात र स्रोत समेत सुनिश्चित भएको। | | | |
| १२. | सुदूरपश्चिम प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७८ ले निर्धारण गरे बमोजिम अनुगमन तथा मूल्याङ्कन व्यवस्था सुनिश्चित भएको। | | | |

| तयार गर्नेः | पेस गर्नेः | स्वीकृत गर्नेः |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नाम, थरः | नाम, थरः | नाम, थरः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |





अनुसूची-३

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

सुदूरपश्चिम प्रदेश सरकार

............................................................ मन्त्रालय

आयोजनाको बहुबर्षीय ठेक्काको स्रोत सहमति माग प्रस्ताव फाराम

खण्ड (क) आयोजनाका आधारभूत विवरणः

१. आयोजनाको नाम

नेपालीमाः

अङ्ग्रेजीमाः

२. आयोजनाको लक्ष्यः

३. आयोजनाको उद्देश्यः

४. आयोजनाको प्रतिफलः

५. आयोजनाको किसिमः

सेवा प्रधान ☐ अनुसन्धान प्रधान ☐ उत्पादन प्रधान ☐

निर्माण प्रधान ☐ सुशासन ☐

६. आयोजना कार्यान्वयन हुने क्षेत्र र छनोट गर्दा अपनाइएका आधारः

(क) कार्यान्वयन क्षेत्रः

जिल्लाः

निर्वाचन क्षेत्रः

न.पा./गा.पा.:

(ख) छनोट आधारः

७. आयोजनाको कुल लागतः

८. आयोजनाको अवधि (प्रस्तावित जम्मा वर्ष):

(क) सुरु हुने मितिः

(ख) सम्पन्न हुने मितिः

९. आयोजना कार्यान्वयन गर्ने निकायः

खण्ड (ख) आयोजनाको वित्तीय/आर्थिक विवरणः

१०. आयोजनाको कुल लागत र स्रोतको विवरण (रू हजारमा):

११. आयोजनाको कुल रकमको वार्षिक बाँडफाँट (रू. हजारमा):

| आर्थिक वर्ष | बाँडफाँट |
|---|---|
| | |
| | |

१२. सम्बन्धित मन्त्रालयबाट स्वीकृत विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ्ग डिजाइनको संक्षिप्त विवरणः

१३. आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन वा संक्षिप्त वातावरणीय प्रतिवेदनको संक्षिप्त विवरणः

१४. मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework- MTEF) अनुरूप आयोजनाको प्राथमिकताक्रमः
पहिलो प्राथमिकता □ दोस्रो प्राथमिकता □

१५. आयोजनाको खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना र वार्षिक खरिद योजनाको विवरणः

१६. नेपाल सरकारसँग सहलगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ-लागत अनुपात र स्रोत समेत सुनिश्चित भएको विवरणः

१७. वैदेशिक सहायता संलग्न भएको आयोजनाका हकमा दातृ निकायसँग सम्झौता भई स्रोत सुनिश्चितता भएको विवरणः

| तयार गर्नेः | पेस गर्नेः | स्वीकृत गर्नेः |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नाम, थरः | नाम, थरः | नाम, थरः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |





अनुसूची-४

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

**आयोजनाको लागि बहुवर्षीय ठेक्काको स्रोत सहमति माग गर्दा आवश्यक आधार पूरा गरेको चेकलिष्ट**

| क्र.सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १. | सम्बन्धित मन्त्रालयबाट विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इञ्जिनियरिङ्ग डिजाइन स्वीकृत भएको। | | | |
| २. | आयोजना कार्यान्वयन स्थलको साइट क्लियरेन्स भएको। | | | |
| ३. | आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन वा संक्षिप्त वातावरणीय प्रतिवेदनको कार्य सम्पन्न भएको। | | | |
| ४. | आयोजनाको लागि अधिग्रहण गर्नुपर्ने सार्वजनिक तथा निजी जग्गा प्राप्तिको कानुनी प्रक्रिया टुङ्गिएको। | | | |
| ५. | मध्यमकालीन खर्च संरचनामा उल्लेख भएको । | | | |
| ६. | वैदेशिक सहायता संलग्न भएको आयोजनाका हकमा दातृ निकायसँग सम्झौता भई स्रोत सुनिश्चितता भएको। | | | |

| क्र.सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| ७. | खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना र वार्षिक खरिद योजना तयार भएको। | | | |
| ८. | प्रदेश सरकारसँग सहलगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ-लागत अनुपात र स्रोत समेत सुनिश्चित भएको । | | | |

तयार गर्नेः
दस्तखतः
नाम, थरः
पदः
मितिः

पेस गर्नेः
दस्तखतः
नाम, थरः
पदः
मितिः

स्वीकृत गर्नेः
दस्तखतः
नाम, थरः
पदः
मितिः





अनुसूची-५
(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)
**बहुवर्षीय ठेक्कामा सञ्चालित आयोजनाको विवरण**

| क्र.सं. | आयोजनाको नाम | | | ठेक्का सम्झौता भएको मिति | ठेक्का सम्झौता सम्पन्न हुने मिति | कुल लागत रकम | बहुवर्षीय ठेक्काका लागि आयोगबाट स्वीकृति दिएको मिति | आर्थिक मामिला मन्त्रालयले स्रोत सुनिश्चित ताका लागि सहमति दिएको मिति | आर्थिक वर्ष अनुसार खर्च र सिर्जित दायित्व (प्रत्येक आ.व.को) | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ब.उ.शी.नं. | खण्ड (Section/Component) | उपखण्ड (Sub-project) | | | | | | आ.व. | विनियोजित बजेट | खर्च रकम | बाँकी दायित्व | |
| १. | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | |

......................
प्रमाणित गर्ने
प्रदेश सचिव
............ मन्त्रालय

अनुसूची-६

(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

मध्यमकालीन खर्च संरचना सम्बन्धी विवरण

| क्र. सं. | आयोजना को नाम | चालु आ.व. सम्मको वास्तविक उपलब्धि | आगामी आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आगामी आ.व. (पहिलो वर्ष) | दोस्रो वर्ष | तेस्रो वर्ष | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

..................

प्रमाणित गर्ने

प्रदेश सचिव

......... मन्त्रालय

मन्त्रिपरिषद्बाट स्वीकृत मितिः-२०८०।०९।०६

आज्ञाले,

अरुण पोखरेल

प्रदेश सरकारका सचिव



मुद्रकःआन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मुल्यः रु. १५।-